आज मिति २०८० साल ज्येष्ठ १३ गते शनिबारका दिन भानु नगरपालिका, नगर कार्यपालिकाको आ.व.२०७९/०८० को सोह्रौं बैठक नगर प्रमुख श्री आनन्दराज त्रिपाठीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिति:

१. श्री आनन्दराज त्रिपाठी (नगर प्रमुख)
२. श्री उमा गोतामे (उप प्रमुख)
३. श्री दिबाकर पौडेल - प्रमुख प्रशासकीय अधिकृत (सचिव)
४. श्री कान्छीमाया तामाङ (वडाध्यक्ष १ नं.वडा)
५. श्री केशवराज त्रिपाठी (वडाध्यक्ष २ नं.वडा)
६. श्री तुल कुमार गुरुङ्ग (वडाध्यक्ष ३ नं.वडा)
७. श्री अर्जुन बहादुर बोहोरा (वडाध्यक्ष ४ नं.वडा)
८. श्री नहकुल अधिकारी (वडाध्यक्ष ५ नं.वडा)
९. श्री धिरेश खनाल (वडाध्यक्ष ६ नं.वडा)
१०. श्री खुम प्रसाद श्रेष्ठ (वडाध्यक्ष ७ नं.वडा)
११. श्री ईश्वर बहादुर घिमिरे (वडाध्यक्ष ८ नं.वडा)
१२. श्री मिन बहादुर गुरुङ्ग (वडाध्यक्ष ९ नं.वडा)
१३. श्री हरिहर उप्रेती (वडाध्यक्ष १० नं.वडा)
१४. श्री विमलराज जोशी (वडाध्यक्ष ११ नं.वडा)
१५. श्री बेल बहादुर अधिकारी (वडाध्यक्ष १२ नं.वडा)
१६. श्री कृष्ण बहादुर अधिकारी (वडाध्यक्ष १३ नं.वडा)
१७. श्री विन्दा रानाभाट (का.पा. सदस्य)
१८. श्री धन बहादुर वि.क. (का.पा. सदस्य)
१९. श्री प्रविना थापा मगर (का.पा. सदस्य)
२०. श्री रविन भुजेल (का.पा. सदस्य)
२१. श्री राजु सुर्खाली (का.पा. सदस्य)
२२. श्री सावित्री सुनार (का.पा. सदस्य)
२३. श्री सकिना खातुन (का.पा. सदस्य)
२४. श्री शान्ता कुमारी मिजार लम्साल (का.पा. सदस्य)

अन्य कर्मचारी:

२५. श्री ध्रुवराज पौडेल (नगर शिक्षा अधिकारी)
२६. श्री युवराज ज्ञवाली (अधिकृत सातौं)
२७. श्री अमृता बस्नेत (सहायक पाचौं)

<u>भानु नगरपालिका, नगर कार्यपालिकाको आ.व.२०७९/०८० को सोह्रौं बैठकका निर्णयहरु:</u>

<u>निर्णय नं.१</u> भानु नगरकार्यपालिकाको मिति २०८०/०२/११ गते बसेको आ.व.२०७९/०८० को पन्ध्रौं कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा ५ वटा निर्णयहरु भएकोमा निर्णय नं. ५ (घ) को निर्णय कार्यान्वियन भएको र अन्य बाँकी निर्णयहरु कार्यान्वियनको चरणमा रहेको पाइयो ।

<u>निर्णय नं.२</u> भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन सम्बन्धमा तपसिल बमोजिम गर्ने निर्णय गरियो ।

क) भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि बमोजिम नगर प्रमुखको संयोजत्वमा नगरस्तरीय सहजीकरण समिति गठन गर्ने,

ख) सहजीकरण समिति गठन नभएका वडाहरुमा सोही कार्यविधि बमोजिम वडा अध्यक्षको संयोजकत्वमा वडास्तरीय सहजीकरण समिति गठन गर्ने,

ग) भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि बमोजिम भूमिहिन दलित, भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि यस नगरपालिकाका सबै वडाहरुले सार्वजनिक सूचना प्रकाशित गर्ने,

घ) सूचना प्रकाशन पश्चात भानु नगरपालिका भित्रका भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित परिवारबाट परेका निवेदन उपर नाप नक्सा गर्नको लागि आवश्यक पर्ने नियन्त्रण विन्दु स्थापना गर्नका लागि सो सम्बन्धी विज्ञसँग सम्झौता गर्ने,

ङ) नाप नक्सा गर्नका लागि डिजिटल मेशिनका लागि भाडाको प्रक्रिया अघि बढाउने,

च) डिजिटल प्रविधिबाट नाप नक्सा गर्दा प्रति मेशिनका लागि लाग्ने कामदार (चेनमेन) नापी विभागको मापदण्ड बमोजिम गर्ने ।

<u>निर्णय नं.३</u> भानु नगरपालिकाको आवधिक नगर विकास योजना तयार गर्नका लागि अस्पिसियस ईनभाइरोमेन्ट कन्सल्ट प्रा.लि.शोलुसन जे.भी. रिर्सच पोइन्ट प्रा.लि. र यस नगरपालिका बीच सम्झौता भएबमोजिम परामर्शदार्ताले पेश गरेको अन्तिम मस्यौदा प्रतिवेदन उपर गहन छलफल र विश्लेषण गरियो । सो प्रतिवेदनलाई अन्तिम रुप दिनका लागि उक्त मस्यौदाको १/१ प्रति सम्पूर्ण वडा कार्यालयमा पठाउने र मिति २०८०/०२/२३ गते सम्ममा रचनात्मक सुझाव पेश गर्न अनुरोध गर्ने निर्णय गरियो । साथै उक्त मस्यौदा सुझावका लागि यस नगरपालिकाको वेब साइटमा समेत राख्ने निर्णय गरियो ।

२०८०।२।१२

दिवाकर पौडेल
...मा अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

निर्णय नं.४ भानु नगरपालिका वडा नं. ३ खहरे स्थित श्री मर्स्याङ्दी आधारभूत विद्यालयका लागि चालु आ.व.२०७९/०८० मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत २ कोठे भवन निर्माणका लागि रु.२५ लाख बजेट विनियोजन भएकोमा उक्त विद्यालयको सेवाक्षेत्र, बढ्दो शहरीकरण र संम्भावनालाई मध्यनजर गर्दै उक्त विद्यालयमा ८ कोठे पक्की भवन आवश्यक देखिएकोले सो को लागि Nepal hilFe Beilngries e.v. नामक गैर सरकारी संस्थावाट मिति २०८०/०२/१० मा भवन निर्माणार्थ रु.१,५०,००,०००। (अक्षरुपी एक करोड पचास लाख) उपलब्ध गराउने प्रतिवद्धता पत्र समेत प्राप्त भएकोले उक्त २ कोठे भवनको डिजाइन परिवर्तन गरी ८ कोठाको पक्की भवनको ड्ईङ् डिजाइन र लागत इष्टिमेट तयार गरी हाललाई विद्यालय व्यवस्थापन समितिबाट गठित निर्माण समितिलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको बजेटबाट कार्यारम्भ गर्न कार्यदिश दिने र दात्र निकायबाट बजेट प्राप्त भए पछि बाँकी काम नगरपालिकाको तर्फबाट नियमानुसार टेण्डर प्रक्रियावाट अघि बढाउने निर्णय गरियो । साथै चालु आ.व.२०७९/०८० मा कार्य सम्पन्न हुन नसकी ससर्त तर्फको बजेट फिर्ता हुने अवस्था आएमा विनियोजन भएको वजेट रु. २५,००,०००। (अक्षरुपी पच्चीस लाख) सम्वन्धित विद्यालयको खातामा राख्न निकासा दिने र उक्त रकम खर्च गर्न नमिल्ने गरी राख्नका लागि बैंकलाई अनुरोध गर्ने । कार्य सम्पन्न पश्चात फुकुवा गरिदिन रकम निकाल्ने व्यवस्था मिलाउने ।

निर्णय नं.५ यस भानु नगरपालिका क्षेत्र भित्र संचालित सबै गैरसरकारी संघ संस्थाहरु यस नगरपालिकामा सूचिकृत हुनका साथै उक्त संघ संस्थाहरुले आ-आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट नगर सभामा पेश गर्ने प्रयोजनका लागि १५ दिने म्याद राखी सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

निर्णय नं.६ यस भानु नगरपालिकाले यस अगाडि योजनाको सम्झौता गर्नको लागि तोकिएको म्याद समाप्त भएको, यस आ.व.२०७९/०८० को अन्तिम किस्ता निकासा हुनुपर्ने रकमको ५० प्रतिशत मात्र निकासा हुन गएकोले सम्झौता हुन छुट भएका १५-२० दिनमा कार्य सम्पन्न गर्न सकिने प्रकृतिका सानो बजेटका योजनाहरुको मात्र सम्झौता गर्ने म्याद मिति २०८०/०२/२१ गते सम्मका लागि थप गर्ने निर्णय गरियो ।

आनन्द राज त्रिपाठी
प्रमुख

दिवाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत